## श्री उच्च अदालत बिराटनगर धनकुटा इजलासमा पेस गरेको

## रिट निबेदनपत्र

विषयः अन्तरिम आदेश सहितको उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आवश्यक आज्ञा, आदेश पुर्जी जारी गरिपाउँ ।

| | |
|---|---|
| भिम बहादुर बरालको छोरा जिल्ला तेह्रथुम म्याङ्गलुङ्ग न.पा. वडा नं. १ बस्ने तेह्रथुम जिल्ला खेलकुद बिकास समितिको अध्यक्ष बर्ष ४९ को राजेन्द्र बराल (मो.नं. ९८५२०५३१००)...१<br>मान बहादुर सेनीको छोरी जिल्ला तेह्रथुम म्याङ्गलुङ्ग न.पा. वडा नं. ५ बस्ने तेह्रथुम जिल्ला खेलकुद बिकास समितिको उपाध्यक्ष बर्ष २८ की कोपिला सेनेहाङ्ग (मो.नं. ९८२७३३६२४६).............................................................................................१ | निवेदव |

**बिरुद्ध**

| | |
|---|---|
| सामाजिक बिकास मन्त्रालय, प्रदेश खेलकुद बिकास बोर्ड, कोशी प्रदेश, बिराटनगर............१ | बिपक्षी |

मुद्दाः उत्प्रेषण मिश्रित परमादेश ।

हामी रिट निवेदक नेपालको संविधानको धारा १७, १८, २५, १४४(१) (२), मुलुकी देवानी संहिता २०७४ ओ दफा ४, ९, १७, १८, २० (ङ), प्रदेश खेलकुद ऐन २०७६ को साथै प्रचलित ऐन, नियम, कानून समेतका आधारमा निम्न बमोजिम रिट निवेदन गर्दछौ ।

१. हामी रिट निवेदन नेपाली नागरिक हौं । सामाजिक बिकास मन्त्रालय, प्रदेश खेलकुद बिकास बोर्ड, प्रदेश नं. १ को मिति २०७८/७/०३ को निर्णयानुसार तेह्रथुम जिल्ला खेलकुद बिकास समितिको अध्यक्ष पदमा ४ बर्षको लागि केशव कुमार भट्टराईलाई मनोनयन गरकोमा उक्त पदमा विवाद सिर्जना भइ प्रदेश खेलकुद बिकास बोर्डले निजको अध्यक्ष पदको मनोनयन बदर गरी प्रदेश खेलकुद बिकास बोर्ड, प्रदेश नं. १ को मिति २०७८/१२/२४ को निर्णय अनुसार भनि म रिट निवेदक राजेन्द्र बराललाई तेह्रथुम जिल्ला खेलकुद बीकास समितिको अध्यक्ष पदमा र म रिट निवेदक कोपिला सेनेहाङ्गलाई तेह्रथुम जिल्ला खेलकुद बिकास समितिको उपाध्यक्ष पदमा मनोनयन गरी मिति २०७८/१२/२४ को च.नं. ११० र च.नं. १२३ को पत्र प्राप्त भइ उक्त पदमा नियुक्ती गरे बमोजिम प्राप्त भएको ऐनले निर्दिष्ट गरेको अधिकारमा आधारित रही आफुहरुलाई दिएको पदीय

मस्यौदाकर्ता
कृष्ण प्रसाद सेढाई अधिवक्ता प्र.प.नं.
११९२१

जिम्मेवारी वहन गर्दै आई हामीहरुलाई नियुक्ति दिएको भोलिपल्ट नै मिति २०७८/१२/२५ गते प्रथम बैठक समेत बसी विभिन्न प्रस्ताव उपर छलफल र निर्णय समेत गरी आफुहरुलाई तोकेको जिम्मेवारी ईमान्दारसाथ बहन गर्दै आई कामकाज गर्दै आएका छौं ।

२. हामी रिट निवेदकहरुलाई प्रदेश खेलकुद ऐन २०७६ को दफा १६ को उपदफा २ को खण्ड (क) बमोजिम अध्यक्ष र उपाध्यक्ष पदमा प्रदेश खेलकुद विकास बोर्ड, प्रदेश नं. १ विराटनगरले मनोनयन गरेको र सोही ऐनको दफा १७(१) बमोजिम "पदेन सदस्य बाहेक समितिका अन्य सदस्यको पदावधि ४ बर्षको हुने छ" भन्ने ऐनमा स्पष्ट कानूनी ब्यबस्था रहेकोमा सोही बमोजिम हामीहरु अध्यक्ष र उपाध्यक्ष पदमा नियुक्ती पाए पश्चात आफ्नो पदीय जिम्मेवारी पुरा गर्दै आएकोमा हामीहरुलाई सफाईको उचित मौका नदिई मनोनयन भए पश्चात ऐन मा ब्यवस्था भए बमोजिमको कार्यकाल बाँकी नै रहेको बखत एक्कासी प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशको मिति २०७८/०४/०३ को निर्णय अनुसार जिल्ला खेलकुद विकास समितिहरुमा (श्री जिल्ला खेलकुद विकास समिति, १४ वटै, कोशी प्रदेश) नियुक्त हुनुभएका अध्यक्ष तथा उपाध्यक्षहरुको पदावधि मिति २०८२/०७/०३ गते समाप्त हुने भनि मिति ०८२/०६/२६ गते च.नं. १७४ बाट जानकारी पत्र प्राप्त हुन आएको र सो पत्रले हामीहरुको संबैधानिक, कानूनी तथा नागरिक हकमा असर र अन्याय पर्न गएको र उक्त गैरकानूनी, गैरसंबैधानिक निर्णय र पत्र बदर गराउन अन्य बैकल्पिक पर्याप्त कानूनी उपचारको बाटो नभएकोले बाध्य भइ यो रिट निवेदन लिई उपस्थित भएका छौं ।

३. हामी रिट निवेदकहरु अध्यक्ष र उपाध्यक्ष पदमा मिति २०७८/०७/०३ को निर्णय बमोजिम नियुक्ति नभई प्रदेश खेलकुद विकास बोर्ड, प्रदेश नं. १, बिराटनगरको मिति २०७८/१२/२४ को निर्णय अनुसार सोही दिनको पत्रको च.नं. ११० र च.नं. १२३ को पत्र बमोजिम अध्यक्ष र उपाध्यक्ष पदमा मनोनयन भएको र हामी निवेदकहरु बाहेक अर्को व्यक्ति तेह्रथुम जिल्ला खेलकुद बिकास समितिको अध्यक्ष र उपाध्यक्ष पदमा नरही हामी नियुक्ति भए पश्चात ऐन बमोजिमको पदावधि (कार्यकाल) बाँकी नै रहेको हुँदा उक्त प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेश बिराटनगरको मिति २०८२/०६/२६ को च.नं. १७४ को पत्र गैर संबैधानिक, गैर कानूनी र बिपक्षी खेलकुद बिकास बोर्डको हामीहरुलाई दिएको मनोनयन पत्र बिपरित हुँदा उक्त मितिको पत्र उत्प्रेषणको आदेशले बदर गरी ऐन तथा मिति २०७८/१२/२४ को पत्रले हामीहरुलाई अध्यक्ष र उपाध्यक्ष पदमा मनोनयन गरे बमोजिम पुरै पदावधि (कार्यकाल) भर अध्यक्ष र उपाध्यक्षको हैसियतमा यथावत काम गर्न दिनु, निज निवेदकहरुलाई कुनै किसिमले नहटाउनु भनि बिपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरिपाउँ।

४. अतः माथि प्रकरणहरुमा उल्लेख गरे बमोजिम बिपक्षी प्रदेश खेलकुद बिकास बोर्ड, कोशी प्रदेश बिराटनगरले हामी निवेदकहरुलाई अध्यक्ष र उपाध्यक्ष पदमा मनोनयन गरेको मिति २०७८/१२/२४ को च.नं. ११० र १२३ को पत्र बमोजिमको पदावधि बाँकी नै रहेको बखत जारी भएको प्रदेश खेलकुद बिकास बोर्डको मिति २०८२/०६/२६ को च.नं. १७४ को पत्र Prima Facie रुपमा नै गैरकानूनी, गैरसंबैधानिक भएकोमा तत्काल नै उक्त पत्र कार्यन्वयन गर्न सक्ने पूर्ण आशंकाको स्थितिको विद्यमानता भएको हुँदा उक्त पत्र कार्यान्वयन भएमा प्रस्तुत रिट निवेदन निस्प्रभावी हुन् जाने हुँदा सुबिधा र सन्तुलनको दृष्टिकोणबाट मिति २०८२/०६/२६, च.नं. १७४ को

CS CamScanner

पत्र कार्यन्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु र निवेदकहरुलाई आ-आफ्नो पदको हैसियतमा यथावत कामकाज गर्न दिनु, नहटाउनु, निवेदकहरुलाई असर पर्ने कुनै कार्य नगर्नु, नगराउनु भनि मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५८ तथा उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) (२) बमोजिम बिपक्षीहका नाममा अन्तरिम आदेश समेत जारी गरिपाउँ ।

५. यो रिट निबेदन न्याय प्रशासन ऐन २०७३ को दफा ८(२), नेपालको संविधानको धारा १४४ (१) (२) र उच्च अदालत नियमावली २०७३ को नियम १० ले यसै अदालतको क्षेत्राधिकारभित्र पर्दछ।

६. यो बिषयमा अन्यत्र उजुरी गरेको छैन ।

७. मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ७०(१) र उच्च अदालत नियमावली २०७३ को नियम ३५ बमोजिम रिट निवेदन दस्तुर रु.५००/- संलग्न छ ।

८. यो रिट निबेदनमा अधिबक्ता कृष्ण प्रसाद सेढाईलाई का.व्य. मुकरर गरेका छौं ।

९. कागजातहरुः

क) हामी निवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी-२

ख) मिति २०७८/०७/१० को तेह्रथुम जिल्ला खेलकुद बिकास समितिको निर्णयको फोटोकपी-१

ग) मिति २०७८/१२/२४ को प्रदेश खेलकुद बिकास बोर्ड, प्रदेश नं. १ को च.नं. ११० र च.नं. १२३ को मनोनयन पत्रको फोटोकपी-२

घ) मिति २०७८/१२/२५ गतेको जिल्ला खेलकुद बिकास समितिको बैठकको निर्णयको फोटोकपी-१

ङ) मिति २०८२/०६/२६ गतेको प्रदेश खेलकुद विकास वोर्डको च.नं. १७४ को पत्रको फोटोकपी-१

च) प्रदेश खेलकुद ऐन २०७६ को फोटोकपी-१

छ) उच्च अदालत, बिराटनगरबाट मिति २०८२/०३/०२ गते भएको आदेशको प्रमाणित फोटोकपी-१

१०. माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा भए कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज राजेन्द्र बराल........................१

निज कोपिला सेनेहाङ्ग............१

इती सम्बत २०८२ साल असोज ३० गते रोज ५ शुभम्...............

CS CamScanner